**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 01.08.2025**

CM-Niti Ayog: IPR

मुख्यमन्त्री प्रेमसिंह तामाङ आज नीति आयोग अन्तर्गत आकाङ्क्षी जिल्लाहरूका लागि चिन्तन भवनमा आयोजित **सम्पूर्णता अभियान सम्मान समारोह**-मा सरिक हुनुभयो। उहाँले प्रधानमन्त्रीको नेतृत्वमा आकाङ्क्षी जिल्ला कार्यक्रमले स्थानीय शासन र सेवा प्रवाहमा रूपान्तरण ल्याएको बताउँदै, जमिनी तहमा जीवन उत्थान गर्ने यस पहलको अवधारणाका लागि आभार व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, सिक्किममा हामीले यस अभियानलाई इमानदारी, दृढ सङ्कल्प र सामुहिक प्रतिबद्धताका साथ अँगालेका छौं। उहाँले नवगठित सोरेङ जिल्ला मे २०२३ मा सबै आकाङक्षी जिल्लाहरूमध्ये देशमै नम्बर १ स्थानमा रहेको र सेप्टेम्बर २०२४ मा आधारभूत पूर्वाधार क्षेत्रमा पहिलो स्थानमा पुगेको कुरा साझा गर्न पाउँदा आफूलाई गर्वित महसुस भएको बताउनुभयो। यस अवसरमा, उहँले इन्स्टिच्युट फर ट्रान्सफर्मिङ सिक्किमको दृष्टिकोण साझा गर्नुभयो, जुन एक दूरदर्शी नीतिगत थिङ्क ट्याङ्क हो जसले डेटा, नवप्रवर्तन, तृणमूल योजना र जवाफदेहिता-मार्फत विकासलाई अगाडि बढाउनेछ।

**Indra Hang-Gadkari: IPR**

सिक्किमका लोकसभा सांसद इन्द्र हाङ सुब्बाले केन्द्रीय सडक यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरीलाई भेट गरी सीमावर्ती राज्यलाई देशको बाँकी भागसँग जोड्ने जीवनरेखा राजमार्ग-१० को वर्तमान खतरनाक स्थितिप्रति तत्काल पाइला चाल्न माग गर्नुभयो। हाल, राजमार्ग-१० नाजुक स्थितिमा छ, विशेष गरी पश्चिम बंगाल-अन्तर्गत टिस्टा खण्डमा टिस्टा नदीको बहावका कारण बारम्बार पहिरो र बाढी आउने गरेको छ। आफ्नो निवेदनमा श्री सुब्बाले बाढको स्थितिलाई समाधान गर्न, केन्द्रीय मन्त्रीलाई राजमार्ग-१० को सबैभन्दा जोखिमपूर्ण भागहरूमा अस्थायी उन्नत कोरिडोरहरू स्थापना गर्न NHIDCL लाई निर्देशन दिन पनि आग्रह गर्नुभयो। प्रतिक्रियामा, केन्द्रीय मन्त्री नितिन गडकरीले श्री सुब्बाले उठाएका चिन्ता र मागहरूमा उचित पाइला चाल्न मन्त्रालयका अधिकारीहरू र इन्जिनियरहरूलाई निर्देशन दिनुभएको छ।

**STA-Sikkim: RNU**

सिक्किम शिक्षक संघको उच्चस्तरीय प्रतिनिधिमण्डलले हालै केन्द्रीय राज्यमन्त्रीसँग राष्ट्रिय शिक्षक कल्याण प्रतिष्ठानमा सिक्किमको औपचारिक सदस्यताको लामो समयदेखिको मुद्दा अनि शिक्षक कल्याण र व्यावसायिक विकाससँग सम्बन्धित अन्य मामिलाहरूबारे छलफल र अन्तरक्रिया गऱ्यो। सिक्किमको लोकसभा सांसदको उपस्थितिमा सम्पन्न बैठकमा, संघको प्रतिनिधिमण्डलले राष्ट्रिय शिक्षक कल्याण प्रतिष्ठान, NFTW राष्ट्रिय कल्याणकारी योजनाहरूमा सिक्किमको एकीकरणलाई द्रुत गतिमा पूरा गर्नुपर्ने आवश्यकतामा जोड दियो। राज्यमन्त्रीले संघलाई आफ्नो समर्थनको आश्वासन दिनका साथै शिक्षक र उनीहरूका आश्रितहरूलाई राहत र कल्याण प्रदान गर्ने, साथै राष्ट्रिय स्तरमा शिक्षकहरूको योगदानलाई मान्यता दिने र सम्मान गर्ने प्रतिष्ठानको प्रतिबद्धतामाथि प्रकाश पार्नुभयो।

Bhasa Diwas: Bishnu Neupane/Sagar Chettri

नेपाली भाषा मान्यता दिवसका अवसरमा प्रदान गरिने **कञ्चनजङ्घा कृष्ण स्मृति पुरस्कार** यस वर्ष चित्रकार तथा मूर्तीकार अमीर सुन्दासलाई प्रदान गरिने भएको छ। आज नेपाली साहित्य परिषद्, सिक्किमले पत्रकार सम्मेलनमा सो **पुरस्कार** प्रदान गरिने घोषणा गरेको छ। आगामी २० अगस्त २०२५-को दिन मनन भवनमा आयोजन हुने ३४ औँ भाषा मान्यता दिवसमा मूर्तिकार सुन्दासलाई सो पुरस्कारले सम्मानित गरिनेछ। यसपल्ट भाषा मान्यता दिवसका अवसरमा नेपाली साहित्यका वरिष्ठ व्यक्तित्व सानु लामाको निधनपछि स्थगित रहेको भानु पुरस्कारसहित अन्य सेवाश्री पुरस्कार पनि प्रदान गरिने भएको छ, साथै मुख्यमन्त्री प्रेमसिंह तामाङको उपस्थिति रहने पनि परिषद्ले जानकारी गराएको छ।

**Excise Dept: Dilliram Dulal**

आबकारी विभागका सचिव जीवन सुब्बाले विभागका अधिकारीहरूका साथमा २९ देखि ३१ जुलाईसम्म माजिटार, रम्फु, मल्ली, मानपुर र जोरथाङ वरपर रहेका सिक्किम डिस्टिलरी लिमिटेड, युक्सोम ब्रुअरीज लिमिटेड र अन्य विभिन्न मदिरा उत्पादन एकाइहरू र आबकारी कार्यालयहरूको भ्रमण गर्नुभयो। सचिव श्री सुब्बाले भ्रमणका क्रममा सबै उत्पादन एकाइहरूमा तैनाथ आबकारी विभागका अधिकारीहरूलाई पुस्तक, दर्ता र अभिलेखहरू अपडेट राख्न र कुनै पनि प्रकारको अनियमितताबाट बच्न आग्रह गर्नुभयो।

**Football: Sagar Chettri**

७९ औँ स्वतन्त्रता दिवस नक-आउट फुटबल प्रतियोगिता आज पाकिमको सेन्ट जेभियर्स स्कूलको खेल मैदानमा सुरु भयो। यो प्रतियोगिता पन्ध्र दिनसम्म चल्नेछ जसमा सिक्किमका विभिन्न भाग र बाहिरका १६ टोली सहभागी छन्। आजको उद्घाटन खेलमा सेन्ट जेभियर्स स्कूल पाकिमले दिक्लिङ सिनियर सेकेन्डरी स्कूललाई ४-१ ले पराजित गर्दै अर्को चरणमा प्रवेश गरेको छ। भोलिको खेलमा पाकिम युनाइटेड स्पोर्टिङ क्लबले तादोङ कलेजसँग खेल्नेछ।